नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय

☎ ०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- २०८१/०८२
चलानी नं. :- २११

मिति : २०८१।०७।१३

विषय : शिक्षण शुल्क कार्यान्वयन सम्बन्धमा ।

श्री विश्वविद्यालय/प्रतिष्ठान/शिक्षण संस्था (सबै)

प्रस्तुत विषयमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ को दफा २(थ) मा "शिक्षण शुल्क" भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याव, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क सम्झनु पर्दछ र सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण संस्थाले लिने अन्य शुल्कलाई समेत जनाउँछ भन्ने व्यहोरा उल्लेख भएको छ ।यसैगरी चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान कार्यविधि, २०७९ को दफा १६ मा छात्रवृत्ति सिटमा निःशुल्क अध्ययनका लागि छनौट भएका विद्यार्थीहरूले शिक्षण शुल्क बापत कुनै पनि रकम तिर्नु पर्ने छैन । निःशुल्क अध्ययनको व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको हुनेछ भन्ने व्यहोरा उल्लेख भएको छ । उल्लिखित व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

बालकृष्ण सिंखडा
(शाखा अधिकृत)